# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०५।२७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

श्री प्राथमिक विद्यालय कौवाधारी, दंगिसरण-२ दाङमा कार्यरत प्राथमिक शिक्षक (अस्थायी) खिर्मा के.सी.ले शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली बनाइ पेश गरी कार्यरत रहेकोले छानबिन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश भारत अन्तर्गतको राजकीय बालिका इन्टर कलेज इलहावादबाट हाइस्कुल तह उत्तीर्ण गरेको भनिएको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी उल्लिखित पदमा नियुक्ति लिइ लाभ समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता